# म्याग्दे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः२ संख्याः३ प्रकाशन मितिः

## भाग-१

## स्थानीय शिक्षा ऐन-२०७६

प्रमाणिकरण मितिः२०७६/ /

# स्थानीय राजपत्र

**म्याग्दे गाउँपालिकाद्वारा प्रकाशित**

खण्ड :०२) चैत्र ५, २०७६ साल (अतिरिक्ताङ्क ५

**म्याग्दे गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय, छाङ, तनहुँ**

## स्थानीय शिक्षा ऐन,

## २०७६

म्याग्दे गाउँपालिका

# स्थानीय शिक्षा ऐन, २०७६

**प्रस्तावना :** नेपालको संविधान एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहमा शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गर्न र म्याग्दे गाउँपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरुको व्यवस्थापन सुधार गर्दै गुणस्तरीय शिक्षाको विकास गर्न आवश्यक भएकोले नेपालको संविधानको धारा २२६ बमोजिमका म्याग्दे गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

क) यस ऐनको नाम "स्थानीय शिक्षा ऐन २०७६" रहेको छ।

ख) यो ऐन म्याग्दे गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

ग) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित गरेको मिति देखि लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:

क) "ऐन" भन्नाले म्याग्दे गाउँपालिकाको स्थानीय शिक्षा ऐनलाई सम्झनुपर्छ।

ख) "संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ।

ग) "प्रदेश शिक्षा ऐन" भन्नाले प्रदेश संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ।

घ) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको म्याग्दे गाउँपालिका सम्झनु पर्छ।

ङ) "कार्यपालिका" भन्नाले म्याग्दे गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

च) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ।

छ) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चार बर्ष उमेर पूरा भई पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि दिईने प्रारम्भिक बाल शिक्षालाई सम्झनुपर्छ र सो शब्दले नर्सरी, के.जी. र मन्टेश्वरी शिक्षालाई समेत सम्झनु पर्छ।

ज) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिईने शिक्षा सम्झनुपर्छ।

झ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिईने शिक्षा सम्झनु पर्छ।

ञ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी बिशेष प्रकार र निश्चित माध्यमबाट दिईने शिक्षा सम्झनु पर्छ।

ट) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनुपर्छ :

१) दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्तश्रवण, अटिज्म, बौद्धिक, शारीरीक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमीत शैक्षिक पद्धतिको अधिनमा रही दिईने शिक्षा ।

२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिईने शिक्षा ।

ठ) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयबस्तु सिकाईको व्यवस्था गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा ९ देखि कक्षा १२ सम्म दिईने शिक्षालाई सम्झनु पर्छ ।

ड) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनुपर्छ ।

ढ) "सामुदायिक विद्यालय" भन्नाले सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

ण) "संस्थागत विद्यालय" भन्नाले सरकार वा गाउँपालिकाबाट अनुमति पाउने गरी स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

त) "प्रारम्भिक बाल शिक्षा" केन्द्र भन्नाले खण्ड (छ) बमोजिमको शिक्षा दिन, खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, के.जी. मन्टेश्वरी आदि सम्झनुपर्छ ।

थ) "आधारभूत विद्यालय" भन्नाले खण्ड (ज) बमोजिमको शिक्षा दिईने विद्यालय सम्झनु पर्छ ।

द) "माध्यमिक विद्यालय"भन्नाले खण्ड (ज) र (झ) बमोजिमको शिक्षा दिईने विद्यालय सम्झनु पर्छ ।

ध) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गुम्बा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

न) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रुपमा अनुमति वा स्वीकृति प्राप्त गरेको विद्यालयलाई सम्झनु पर्छ ।

प) "मन्त्रालय"भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालय सम्झनु पर्छ ।

फ) "प्रदेश मन्त्रालय" भन्नाले गण्डकी प्रदेश को सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

ब) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानुन बमोजिम गठन भएको शिक्षक तथा कर्मचारीहरुको नियुक्ति, बढुवा आदि सिफारिस गर्ने आयोग सम्झनु पर्छ ।

भ) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले संघीय शिक्षा ऐन बमोजिम पाठ्यक्रम निर्माणको लागी जिम्मेवार निकायलाई सम्झनु पर्छ ।

म) "शिक्षक किताबखाना"भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनु पर्छ ।

य) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

र) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

ल) “स्थानीय शिक्षा अधिकारी” भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

व) “निरीक्षक” भन्नाले विद्यालयको निरीक्षण गर्न तोकिएको अधिकृत कर्मचारीलाई सम्झनु पर्छ ।

श) “प्रधानाध्यापक” भन्नाले विद्यालयको प्रशासनिक प्रमुखको रुपमा नियमानुसार नियुक्ति भएको विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्छ ।

ष) “शिक्षक” भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

स) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रयोजनका लागी विद्यार्थीको बावु वा आमा वा बावु तर्फको बाजे वा बज्यैलाई जनाउँछ ।

ह) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनु पर्छ ।

क्ष) “माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा” भन्नाले माध्यमिक तहको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ ।

त्र) “आधारभूत शिक्षा उत्तीर्ण परीक्षा” भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

ज्ञ) “अनुमति” भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति वा सहायतता प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिईएको अस्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

१) “स्वीकृती” भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनुपर्छ ।

२) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागी कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

३) “शैक्षिक सत्र” भन्नाले विद्यालयमा अध्ययन/अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ ।

४) “शिक्षा समिति” भन्नाले यसै ऐन बमोजिम गठन भएको गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ ।

५) “परीक्षा समिति” भन्नाले आधारभूत शिक्षा उत्तिर्ण परीक्षा समितिलाई सम्झनु पर्छ ।

६) “व्यवस्थापन समिति” भन्नाले यसै ऐन बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

७) “शुल्क”भन्नाले विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्छ ।

८) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका, कार्यविधि वा मापदण्डमा तोकिए बमोजिम सम्झनु पर्छ ।

**३. विद्यालय खोल्न अनुमति लिनु पर्ने :**

(१) विद्यालय खोल्न, कक्षा थप र तह थप गर्न चाहेमा सम्वन्धित वडा समितिको सिफारिस सहित गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा स्थानीय शिक्षा अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्ने, गराउनेछ र जाँचबुझ गर्दा विद्यालय खोल्ने अनुमति दिन मनासिब देखिएमा गाउँ शिक्षा समितिको निर्णय सहित तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई सञ्चालन रहेको विद्यालयले तोकिएको शर्त बन्देज पालना तथा पूरा गरेमा गाउँ कार्यपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(४) यो दफा प्रारम्भ हुदाँका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निबेदन परेमा निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम गाउँ शिक्षा समितिले विद्यालय सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ ।

(६) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठी वा सहकारीको रुपमा सञ्चालन गर्न अनुमति दिईने छैन ।

- क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,
- ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,
- ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो. भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

७) शैक्षिक गूठी तथा सहकारी अन्तर्गत विद्यालय सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि नीजिस्रोतबाट आधारभूत विद्यालयको प्रारम्भिक बाल विकास केन्द्र खोल्ने अनुमति वा स्वीकृति सम्बन्धित वडा समितिले दिनेछ ।

(९) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले कुनै मुनाफा नलिने उद्देश्य राखी गुरुकुल, मदरसा, गुम्बा समेतका विद्यालय सञ्चालन गर्न चाहेमा सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

१०) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी व्यवस्था उपदफा (१) र (२) बमोजिम नै हुनेछ ।

(११) प्रचलित नेपाल कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेमा विद्यालयहरु यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

(१२) उपदफा (९) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :**

(१) गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा समावेशी शिक्षा दूर तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) विशेष शिक्षा र समावेशी शिक्षा सम्बन्धी व्यवस्था साधारण शिक्षा सरह हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि विशेष शिक्षा तर्फ अध्ययनरत बालबालिकाको लागि पाठ्यक्रम पाठ्यपुस्तक सिकाई सहजीकरण प्रक्रिया र मूल्यांकन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

(४) विशेष शिक्षा समावेशी शिक्षा र दूर तथा खुला शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५. शिक्षाको प्रकार :**

(१) विद्यालय शिक्षाको प्रकार देहाय अनुसार हुनेछ ।

**क) आधारभूत शिक्षा**

१) साधारण शिक्षा

२) परम्परागत धार्मिक शिक्षा

**ख) माध्यमिक शिक्षा**

१) साधारण शिक्षा

२) परम्परागत धार्मिक शिक्षा

३) प्राविधिक तथा व्यवसायिक शिक्षा

**६. शिक्षाको माध्यम :**

१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा वा अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

क) आधारभूत तहको प्रारम्भिक बाल शिक्षा देखि कक्षा ५ सम्म विद्यार्थीको मातृभाषामा शिक्षा दिन सकिनेछ ।

ख) गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा निजले चाहेमा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषा विषय अध्ययन गर्न सक्नेछ ।

ग) भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**७. विद्यालयको पाठयक्रम र पाठयपुस्तक :**

(१) विद्यालयले नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री लागू गर्नुपर्नेछ ।

(२) पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**८. परीक्षाको सञ्चालन र व्यवस्थापन :**

(१) माध्यमिक शिक्षाको कक्षा दश र माध्यमिक तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन संघीय शिक्षा ऐन बमोजिम हुनेछ ।

(२) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा गाउँपालिकाले सञ्चालन गर्नेछ, त्यसका लागि गाउँपालिका भित्र देहायको परीक्षा समिति रहनेछ ।

क) गाउँ शिक्षा समिति अध्यक्ष - अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) सामुदायिक विद्यालयका प्र.अ.वा शिक्षकहरुमध्ये बाट गाउँकार्यपालिकाबाट मनोनित ३ जना - सदस्य

घ) स्थानीय नेपाल प्रहरी प्रमुख - सदस्य

ङ) संस्थागत विद्यालय प्रतिनिधि १ जना - सदस्य

च) परीक्षा समितिबाट मनोनित विषय विज्ञ १ जना - सदस्य

छ) स्थानीय शिक्षा अधिकारी - सदस्य सचिव

(३) आधारभूत तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन र व्यवस्थापन उपदफा (२) बमोजिमको समितिले सञ्चालन गरे बमोजिम हुनेछ ।

## ९. गाउँ शिक्षा समिति :

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामको लागी देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ ।

क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ) निर्वाचित सदस्यहरु मध्येबाट गाउँपालिका अध्यक्षबाट मनोनित १ जना - सदस्य

ङ) सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्ये गाउँ शिक्षा समितिले मनोनित गरेको १ जना - सदस्य

च) नेपाल शिक्षक महासंघ म्याग्दे गाउँपालिका अध्यक्ष वा कार्य समितिले तोकेको प्रतिनिधि १ जना सदस्य

छ) आधारभूत र माध्यमिक तहमा कार्यरत सामुदायिक विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरु ( कम्तिमा एक जना महिला ) मध्येबाट १/१ जना पर्ने गरी शिक्षा समितिले मनोनित गरेको ३ जना - सदस्य

ज) संस्थागत विद्यालय प्रतिनिधि १ जना - सदस्य

झ) स्थानीय सामुदायिक संस्था वा शिक्षा क्षेत्रमा क्रियाशील विज्ञहरु मध्येबाट अध्यक्षले मनोनित गरेको एकजना - सदस्य

ञ) स्थानीय शिक्षा अधिकारी - सदस्य सचिव

म्याग्दे गाउँपालिका

यस उपदफाको प्रयोजनको लागी उपदफा (१) को खण्ड ग, घ, ङ, च र छ मध्ये शिक्षा समितिले मनोनित गर्ने सदस्यहरुमा कम्तिमा एकजना महिला पर्ने गरी मनोनित गर्नुपर्नेछ, शिक्षकको पेशागत संघ/संगठनहरुका प्रमुख /प्रतिनिधिहरुलाई बैठकममा आमन्त्रण गर्न सकिनेछ ।

२) मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा निजलाई मनोनित गर्ने निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेशगर्ने मौकाबाट बञ्चित गरिने छैन ।

३) समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार प्रचलित कानुन बमोजिम अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त देहाय बमोजिम हुनेछ ।

क) बालबालिकालाई आधारभूत शिक्षासम्मको अध्ययन अनिवार्य रुपमा गराउन अभिभावकलाई जानकारी गराउने,

ख) विद्यालयमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्ग, समेतको आधारमा विवरण बनाई अद्यावधिक गराई राख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी सम्बन्धित निकायमा सुझाब पठाउने,

ग) विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अद्यावधिक गराई राख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी सम्बन्धित निकायमा सुझाव पठाउने,

घ) विद्यालय व्यवस्थापन समितिलाई स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग पुऱ्याउने तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँड गर्ने,

ङ) गरिबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागीता गराउन आवश्यक व्यवस्था मिलाउने,

च) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागी विद्यालयको सुपरिवेक्षण र अनुगमन गरी प्रधानाध्यापक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने,

छ) विद्यालयमा शैक्षिक गुणस्तर बृद्धि गर्न जनचेतनामूलक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार तथा कार्यशाला सञ्चालन गर्ने,

ज) विद्यालयको भौतिक स्थितिको अध्ययन गरी सुधारका लागी पहल गर्ने,

झ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्न सहयोग गर्ने,

ञ) गाउँपालिका क्षेत्र भित्रका शिक्षित जनशक्तिको अभिलेख राख्ने र त्यस्ता जनशक्तिलाई स्वयंसेवक भई अध्यापन गर्न प्रोत्साहित गर्ने ,

ट) शिक्षकको कार्य दक्षताको आधारमा पुरस्कारको व्यवस्था गर्ने,

ठ) विद्यालयको लागी आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने,

ड) विद्यालयस्तरीय अन्तर खेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा सञ्चालन गराउने र सोको लागी पुरस्कारको व्यवस्था गर्ने,

ढ) आफ्नो क्षेत्र भित्रका बालबालिकाको विद्यालय शिक्षामा पहुँच बढाउनको लागि व्यवस्था गर्ने,

ण) आफ्नो क्षेत्र भित्रका बिशेष शिक्षा तथा समावेशी शिक्षा, गुरुकुल, मदरसा, गुम्बाबाट प्रदान गरिने शिक्षा सम्बन्धी योजना तर्जुमा गर्ने,

त) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षक, अस्थायी शिक्षक, राहत तथा अनुदान कोटाका शिक्षक, शिशु शिक्षक, दरबन्दीलाई आवश्यकता अनुसार सरुवा गर्न सक्नेछ ।

थ) गाउँपालिका क्षेत्रभित्र आन्तरिक शिक्षक दरबन्दी मिलान गर्न सक्नेछ ।

द) विद्यायलयले सदियौ देखि भोगचलन गर्दै आएको जग्गा विद्यालयको स्वामित्वमा ल्याउन पहल गर्न सक्नेछ ।

ध) विद्यालयहरुको विपद जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनिकरणका लागी कार्य योजना तयार गर्ने ।

न) विद्यालय शिक्षामा सुधारका लागि योजना बनाई गाउँ सभामा पेश गर्ने ।

प) आफ्नो सेवा क्षेत्र भित्र विद्यालय सञ्चालन अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने लगायतका कार्य गर्ने/गराउने

फ) कुनै पनि विद्यालय व्यवस्थापन समितिले गरेका निर्णयहरु प्रचलित ऐन कानुनको बिपरीत भएमा वा सो निर्णयले संस्थालाई तत्काल वा दीर्घकालीन रुपमा प्रतिकूल असर पर्ने देखिएमा गाउँ शिक्षा समितिले सो निर्णय खारेज गर्न सक्नेछ ।

ब) आवश्यकता अनुसार अतिरिक्त शिक्षक पारीश्रमिक कोष/ जगेडा शिक्षक कोष राख्न सिफारिस गर्न सक्नेछ ।

भ) विद्यालयका अनुगमनका लागि एक अनुगमन उपसमिति बनाउन सक्नेछ ।

म) निजी विद्यालयको छात्रवृत्ति वितरण पारदर्शी बनाउन निर्देशन दिनेछ ।

य) आफ्नो सेवा क्षेत्र भित्रका शिक्षक, कर्मचारीहरुको विवरण अद्यावधिक गराउने, रिक्त दरवन्दीमा नियुक्तिका लागी शिक्षक सेवा आयोगमा विस्तृत बिवरण सहितको माग गर्न लगाउने,

र) कुनै शिक्षक वा कर्मचारीलाई यस कार्यविधि बमोजिम विद्यालय व्यवस्थापन समितिले कारबाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागी समितिको राय सहितको प्रतिवेदन प्राप्त भएमा सो उपर कारवाही गर्ने गराउने,

ल) यस ऐनको प्रारम्भसँगै रिक्त शिक्षकको विज्ञापन गाउँपालिकाबाट हुनेछ ।

५) गाउँ शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१०. शिक्षा समितिको बैठक :-**

क)	गाउँ शिक्षा समितिको बैठक सामान्यता ३(तीन) महिनामा एक पटक बस्नेछ ।

ख)	समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउने छ ।

ग)	बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

म्याग्दे गाउँपालिका

## ११. गाउँ शिक्षा कोष :

(१) सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यार्थी शिक्षक तथा अभिभावकहरुलाई प्रोत्साहन तथा क्षमता विकासमा कार्य गर्न गाउँपालिका स्तरमा एक गाउँ शिक्षा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :

क) संघीय सरकारबाट प्राप्त अुदान रकम

ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम

ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम

घ) चन्दाबाट प्राप्त रकम

ङ) शिक्षा समिति तथा परीक्षा समितिको निर्णयानुसार उठेको रकम

३) कोषको सञ्चालन व्यवस्थापन र परिचालन शिक्षा समितिको निर्णयानुसार हुनेछ ।

## १२. विद्यालय व्यवस्थापन समिति :

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

क) यस उपदफा को खण्ड (ख),(ग),(घ) का सदस्यहरुले छानी पठाएको - अध्यक्ष

ख) अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएका दुईजना महिला सहित चार जना - सदस्य

ग) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले तोकि पठाएको १ जना - सदस्य

घ) विद्यालयका संस्थापक स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमि, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्दै आएका वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित दुईजना - सदस्य

ङ) विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एक जना (सरकारी अनुदान वा तलब भत्ता पाएका शिक्षकहरु मध्येबाट) - सदस्य

च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

छ) विद्यालय स्तरीय बाल क्लवले मनोनित गरेको बालक बालिका दुइ जना स्थायी आमन्त्रित सदस्य ।

२) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका विद्यार्थीका अभिभावहरु र समावेशी वा स्रोतकक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा एकजना सदस्य अपाङ्गता भएका विद्यार्थीका अभिभावक रहनेछन् ।

३)	प्राविधिक र व्यवसायिक विषयमा अध्यापन गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उद्योग तथा वाणिज्य संघका दुईजना प्रतिनिधि सदस्य रहनेछन् ।

४)	विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागी वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

५)	सम्बन्धित विद्यालय निरीक्षकलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गरिनेछ ।

६)	संस्थागत विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यबस्थापन समिति रहनेछ ।

क)	विद्यालयका संस्थापक लगानिकर्ता वा अभिभावकहरु मध्येबाट विद्यालयको सिफारिसमा गाउँ शिक्षा समितिका अध्यक्षले मनोनित गरेको व्यक्ति - अध्यक्ष

ख)	अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएका एकजना महिला सहित दुईजना - सदस्य

ग)	विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा समितिको - १ जना सदस्य

घ)	विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एक जना - सदस्य

ङ)	विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

७)	उपदफा १,४ र ७ बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा अनुगमन गर्ने निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

८)	सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क)	विद्यालयको सञ्चालन रेखदेख निरीक्षण र व्यवस्थापन गर्ने ।

ख)	विद्यालयको लागी चाहिने आर्थिक स्रोत जुटाउने ।

ग)	शिक्षक तथा कर्मचारीलाई तालिमको लागी छनोट गर्ने ।

घ)	तालिममा जाने शिक्षक तथा कर्मचारीलाई तालिमबाट फर्के पछि कम्तीमा ३ बर्ष विद्यालयमा सेवा गर्नुपर्ने सम्बन्धमा शर्तहरु निधारण गरीकबुलियतनामा गराउने ।

ङ)	शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा गर्ने ।

च)	विद्यालयको स्रोतबाट बेर्होने गरी शिक्षक तथा कर्मचारी नियुक्ति गर्ने, त्यसरी नियुक्त भएका शिक्षक तथा कर्मचारीलाई समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिएको तलब स्केलमा नघटाई तलब भत्ता दिने ।

छ) नेपाल सरकारबाट स्वीकृत भएको दरबन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा करार नियुक्तिको लागी सो पद रिक्त भएको मितिले ७ दिन भित्र स्थानीय तहमा लेखि पठाउने ।

ज) विद्यालयका शिक्षक तथा कर्मचारीका हाजिर जाँच गरी ३ दिन सम्म विना जानकारी गयल हुने शिक्षक वा कर्मचारी उपर पृष्ठपोषण दिने वा सम्बन्धित निकायमा जानकारी गराउने ।

झ) कुनै शिक्षक वा कर्मचारीलाई यस ऐन बमोजिम विद्यालय व्यवस्थापन समितिले कारवाही गर्न पाउने विषयमा विभागीय कारवाही गरी त्यसको जानकारी सम्बन्धित स्थानीय तहलाई दिने तथा आफूलाई कारबाही गर्ने अधिकार नभएको विषयमा कारवाहीको लागि सिफारीस गर्नु पर्ने भएमा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिवेदन स्थानीय तहमा पठाउने ।

ञ) विद्यालयको शैक्षिक स्तर बृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीको व्यवस्था गर्ने ।

ट) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका बाट सञ्चालन हुने विभिन्न कार्यक्रममा विद्यालयलाई सरिक गराउने ।

ठ) विद्यार्थीहरुले पालन गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने ।

ड) शिक्षक तथा कर्मचारीहरुको अभिलेख अध्यावधिक गराई राख्ने ।

ढ) प्रत्येक बर्ष विद्यालयका चन्दा दाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय-व्यय तथा शैक्षिक उपलब्धी र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने ।

ण) विद्यालयको लेखापरीक्षणको लागी प्रचलित कानुन बमोजिम दर्ता भएका लेखा परीक्षकहरु मध्ये कम्तीका तिन जनाको नाम नियुक्तिको लागि स्थानीय शिक्षा अधिकारी समक्ष सिफारिस गर्ने ।

त) विद्यार्थी, शिक्षक, कर्मचारीतथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने ।

थ) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रबृत्ति रकम प्रदान गर्ने ।

द) निरीक्षकले विद्यालयको छड्के जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विधुतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएको दिनको तलब कट्टा गर्ने ।

ध) विद्यालय व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने ,

न) स्थानीय तहसँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

प) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम संचालन गर्न आवश्यक देखिएमा स्थानीय तहमा माग गर्ने,

फ) वार्षिक रुपमा विद्यालयका लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने,

ब) विद्यालयको बिपद् जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनिकरणका लागि कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने,

भ) विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने,

म) आफ्नै स्रोतबाट नियुक्ति हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारबाहिलाई व्यवस्थित गर्न कार्यविधि बनाई स्थानीय शिक्षा अधिकारी मार्फत गाउँपालिकाबाट स्वीकृत गराई लागू गर्ने,

य) शिक्षक तथा कर्मचारीले आफ्नो पद अनुसारको आचरण पालना नगरेमा वा काम, कर्तव्य पूरा नगरेमा प्रचलित कानुन बमोजिम सचेत गराउने, बढीमा दुई ग्रेड बृद्धि रोक्का गर्ने वा बढीमा दुई वर्षसम्म बढुवा रोक्का गर्न स्थानीय शिक्षा अधिकारी समक्ष कारबाहिको लागि सिफारिस गर्ने, तर यसरी विभागीय कारबाही अगाडि बढाउँदा निजलाई सफाइको मनासिब मौका दिनुपर्नेछ ।

र) स्थानीय शिक्षा अधिकारीले दिएको निर्देशन अनुरुप काम गर्ने ।

९) संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) विद्यालयको शैक्षिक गुठीका गुठियार वा कम्पनीका सञ्चालकसँग समन्वय गरी विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

ख) विद्यालयका शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा र सम्बन्धन गर्ने,

ग) विद्यार्थीहरुलाई परीक्षमा सामेल गराउने,

घ) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा विधार्थी सरिक गराउने,

ङ) प्रत्येक बर्ष विद्यालयका संस्थापक सदस्य, चन्दादाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी बर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

च) विद्यालयको शिक्षक पदको दरबन्दी स्वीकृत गर्नको लागि स्थानीय शिक्षा समितिमा लाने तथा रिक्त पदमा अस्थायी शिक्षक नियुक्त गर्ने र ६ महिना भित्र स्थायी पदपूर्तिको प्रक्रिया शुरु गर्ने,

छ) विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीलाई सामुदायिक विद्यालयका समान तहका शिक्षकलाई गाउँपालिकाले उपलब्ध गराउने तलब भत्तामा नघट्ने गरी सुविधा उपलब्ध गराउने,

ज) शिक्षक तथा कर्मचारी कल्याण कोषको व्यवस्था गर्ने,

झ) खण्ड (ज) बमोजिमको कोषमा जम्मा भएको रकम सोही खण्डमा उल्लिखित काममा मात्र खर्च गर्ने,

ञ) आफ्नो आचरण अनुसार काम नगर्ने शिक्षक तथा कर्मचारीलाई विभागीय कारबाही गर्ने,

ट) विद्यालयको लेखा परीक्षणको लागी प्रचलित कानुन बमोजिम दर्ता भएका लेखा परीक्षकहरुमध्येबाट कम्तीमा ३ जना लेखा परीक्षकको नाम नियुक्तिको लागी स्थानीय शिक्षा अधिकारी समक्ष सिफारिस गर्ने,

ठ) विद्यार्थीहरुले पालना गर्नुपर्ने आचार संहिता बनाई लागू गर्ने,

ड) स्थानीय शिक्षा अधिकारीले दिएका निर्देशन अनुरुप काम गर्ने ।

ढ) शिक्षक अभिभावक संघ गठन गर्ने ।

१३. व्यवस्थापन समितिले आफ्नो अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य - सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१४. व्यवस्थापन समितिको छनौट योग्यता तथा बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## १३. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने :

१) देहायको अवस्था एवम् तोकिएको जिम्मेवारी पूरागर्न नसकेमा सोको कारण खुलाई स्थानीय शिक्षा अधिकारीको सिफारिसमा गाउँ शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ ।

क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

ग) नेपाल सरकार प्रदेश सरकार वा स्थानीय सरकारको नीति विपरीत काम गरेमा,

घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रुपमा गर्न नसकेमा वा

ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालन नगरेमा ।

(च) विद्यालयमा कुनै राजनितिक धार्मिक आस्था राखी खलल पुऱ्याइएमा ।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मुनासिव मौका दिनु पर्नेछ ।

२) उपदाफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ । उक्त समितिको म्याद बढिमा ६ महिनाको हुनेछ ।

३) विद्यालयहरुले यो ऐन जारी भएको ६ महिना भित्र ऐन अनुसार विद्यालय व्यवस्थापन समिति गठन गरी सक्नुपर्नेछ ।

## १४. विद्यालयको सम्पत्ति :

(१) सबै विद्यालयहरुको भौतिक तथा आर्थिक जिम्मेवार, संरक्षक स्थानीय सरकार रहने छ ।

(२) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्न प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।

(३) सामुदायिक विद्यालयको अचल सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गरिएको वा समायोजन गरिएको सामुदायिक विद्यालयको अचल सम्पत्तिको व्यवस्थापन गाउँपालिकाले गर्नेछ ।

(४) गाभिएका वा बन्द गरिएका विद्यालयहरु स्वतः गाउँपालिकाको हुनेछ ।

(५) शैक्षिक गुठी तथा सहकारीको रुपमा संचालित संस्थागत विद्यालयको अचल सम्पत्ति सोहि विद्यालयको नाममा रहनेछ । त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यो सम्पत्तिको स्वरुप गाउँपालिकाको स्वीकृति बेगर परिबर्तन हुने छैन ।

(६) कम्पनिको रुपमा संचालित संस्थागत विद्यालयको सम्पत्ति कम्पनिको नाममा रहनेछ ।

(७) संस्थागत विद्यालयले कुनै व्यक्ति वा सङ्घ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ शिक्षा समितिको स्वीकृति लिनुपर्नेछ ।

(८) उपदफा ५ बमोजिमको सम्पत्ति गाउँपालिकाको स्वीकृति वेगर वेचविखन वा भाडा बहालमा दिन पाईने छैन ।

(९) विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१५. गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्ने :**

(१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरवन्दी निर्धारण गाउँपालिकाले गर्नेछ ।

(२) गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा विद्यालयमा अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा राष्ट्रिय वा प्रादेशिक मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमका दरवन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राख्नु पर्नेछ ।

(४) शिक्षक दरवन्दी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१६. शिक्षकको सेवा शर्त, योग्यता र समक्षमता :** शिक्षकको सेवा शर्त, योग्यता र समक्षमता तोकिए बमोजिम हुनेछ ।

**१७. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :**

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले कारबाहीको लागि गाउँपालिकामा सिफारिस गर्नेछ : -

(क) बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढि समय विद्यालयमा अनुपस्थित रहेमा ।

(ख) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा ।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा ।

(ङ) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्य समितिमा रहेको पाइएमा ।

(च) निजले अध्यापन गरेको विषयमा ३ वर्षको औषत शैक्षिक उपलब्धी ४०% भन्दा कम भएमा (GPA १.६ भन्दा कम)

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनुपर्ने एथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिने छ ।

**१८. शिक्षकको नियुक्ति :**

(१) विद्यालयमा कायम भएको रिक्त दरवन्दको शिक्षक पदमा करार नियुक्तिको व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछ :

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - संयोजक

(ख) स्थानीय शिक्षा अधिकारी/विद्यालय निरीक्षक - सदस्य

(ग) विषयगत रोष्टर मध्येबाट छनौट समितिले तोकेको विषय विज्ञ बढीमा दुई जना -सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

२) समितिको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१९. प्रधानाध्यापक सम्बन्धी व्यवस्था :**

१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ ।

२) प्रधानाध्यापकको नियुक्ति व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) माध्यमिक तहमा प्रधानाध्यापक हुन स्नातकोत्तर उपाधि प्राप्त स्थायी हुनुपर्नेछ । सो नभएमा स्नातक योग्यता प्राप्त स्थायी शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

(ख) आधारभूत तहमा प्रधानाध्यापक हुन स्नातक उपाधि प्राप्त स्थायी शिक्षक हुनुपर्नेछ । सो नभएमा न्यूनतम शैक्षिक योग्यता प्राप्त स्थायी शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

(ग) प्रधानाध्यकपले नियुक्ति हुनु पूर्व पाँच वर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(घ) प्रधानाध्यापकको अवधि ५ वर्षको हुनेछ । निज बढिमा २ कार्यकाल मात्र सो पदमा वहाल रहन पाउनेछ ।

(ङ) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(च) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा गाउँ शिक्षा समितिले हटाउन सक्नेछ तर एक पटक स्पष्टिकरणको मौका दिइनेछ ।

**२०. शिक्षकको सरुवा :**

(१) स्थायी शिक्षकको हकमा निजले कुनै एक विद्यालयमा अधिकतम ५ वर्ष सेवा गरेपश्चात अर्को विद्यालयमा सरुवा हुनुपर्ने छ । यसरी सरुवा गर्दा अर्को विद्यालयको छनौट, सम्बन्धित शिक्षकको रोजाई र प्राथमिकतामा हुनेछ । तर सो विद्यालयमा आफ्नो विषयको दरवन्दी खाली हुनुपर्ने छ ।

(२) न्यूनतम १ वर्ष एकै विद्यालयमा अध्यापन गरेका स्थायी शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा गाउँ शिक्षा समितिमा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा गाउँ शिक्षा समितिले आफ्नो क्षेत्रभित्रका दरवन्दी उपलब्ध भएका र सम्बन्धित विद्यालय व्यवस्थापन समितिले सहमति प्रदान गरेको विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्थामा बाहेक शिक्षकहरुको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिने छ ।

(४) विशेष अवस्था भन्नाले निज सो विद्यालयमा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सँगै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

(५) माथि जुनसुकै कुरा उल्लेख भएतापनि गाउँपालिकाले चाहेमा गाउँपालिका क्षेत्रभित्रका विद्यालयमा जुनसुकै बेला शिक्षकको सरुवा गर्न सक्नेछ ।

**२१. दरवन्दी मिलान**

(१) गाउँ शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढि दरवन्दी भएको विद्यालयबाट कम दरवन्दी भएको विद्यालयमा दरवन्दी मिलानका लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्न सक्ने छ ।

(२) यसका लागि शिक्षक कम भएका विद्यालय, विद्यालय नै नभएको क्षेत्र तथा पिछाडिएका र ग्रामीण क्षेत्रलाई प्राथमिकता दिइने छ ।

(३) दरवन्दी मिलान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२२. शिक्षकको बढुवा सम्बन्धी व्यवस्था :** हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको संघीय कानून बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ति पाएका करार शिक्षकहरुको बढुवा हुने छैन ।

**२३. शिक्षकलाई अन्य कँम्मँ लगाउन नहुने** :

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्दार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन बाधा पुग्ने छैन ।

**२४. कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने :** शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने अधिकृतसँग शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसँग , प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षकहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन कारारका सूचकहरु निर्धारण गर्ने कार्य गाउँ शिक्षा समितिले तयार पारी गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**२५. कार्य सम्पादन मूल्याङ्कन र सजाय तथा पुरस्कार**

(१) कार्यसम्पादन करार भएका शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक कर्मचारीलाई दण्डित गर्नुपर्दछ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन , पुरस्कार र सजाय तोके बमोजिम हुनेछ ।

**२६. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण**

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फुलबारी, स्वच्छ पिउने पानी, छात्रछात्राका लागि अलग अलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुनु पर्नेछ ।

(२) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(३) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्नेछ ।

**२७. विद्यालयको सम्पत्ति :**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा बेचविखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल,अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको पूर्व अनुमति लिनु पर्नेछ ।

**२८. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व,सम्पत्तिको अभिलेख,संरक्षण र व्यवस्थापन**

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ। सो विद्यालय खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले भोग चलन गर्न सक्नेछ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिकाको रहने छ ।

**२९. विद्यालयको पाठयक्रम र पाठ्यपुस्तक** :

(१) विद्यालयले नेपाल सरकाले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(२) विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र गाउँ शिक्षा समितिमा माग गर्नुपर्नेछ ।

(३) गाउँ शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तकको प्रबन्ध गर्नेछ ।

(४) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढिमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ । यसको लागि पाठ्यपुस्तक विद्यालय व्यवस्थापन समितिले निर्णय गरी लागू गर्न सक्नेछ ।

(५) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामग्री, थप स्वध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श,अभिभावक शिक्षाको प्रबन्ध हुनुपर्नेछ ।

**३०. अतिरिक्त शैक्षिक क्रियाकलाप** : विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलापहरु बालक्लब तथा वातावरण मैत्री क्लबहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्न सकिन्छ ।

**३१. संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम अनुमति वा स्वीकृति लिनु पर्ने**छ ।

**३२. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित

विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्बन्धित वडा समिति र गाउँपालिका शिक्षा शाखा समक्ष बुझाउनु पर्नेछ ।

(२) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार, शर्त र प्रकृया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नुपर्नेछ र समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नुपर्नेछ ।

३३. **शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्ने :** गाउँ शिक्षा समितिले संस्थागत विद्यालय शिक्षकहरुको न्यूनतम पारिश्रमिक र विद्यालयको न्यूनतम पूर्वाधारको मापदण्ड तोक्ने सक्नेछ ।

३४. **अनुगमन तथा मूल्याङ्कन**

संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका वा गाउँ शिक्षा समितिले जुनसुनै समयमा अनुगमन गर्न, निर्देशन दिन सकिन्छ । यस्तो निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको दायित्व हुनेछ ।

३५. **अनुमति वा स्वीकृति रद्द गर्ने :**

कुनै संस्थागत विद्यालयले कानुन र नियम विपरीत कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सकिन्छ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मोकाबाट वञ्चित गरिने छैन ।

३६. **विद्यालय कोष :** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिम स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ : -

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(घ) अन्य स्रोतबाट प्राप्त रकम

३७. **अनुदानको व्यवस्था :**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) संस्थागत विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ ।

(३) गाउँपालिकाले बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सकिनेछ ।

३८. **बजेट तयार गर्ने :** प्रधानाध्यापकले प्रत्येक वर्षको चैत्र मासन्त भित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा समयमा पठाउनु पर्नेछ ।

३९. **लेखा व्यवस्थापन :**

(१) सबै विद्यालयहरुले प्रचलित कानुन अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) नियमित कारोबारको लेखा राख्न बेग्लै व्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनुपर्नेछ ।

**४०. सामुदायिक विद्यालयको खाता सञ्चालन**

(१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ ।

(२) विद्यालयको खाता सञ्चालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्नेछ ।

**४१. लेखा परीक्षण तथा सामाजिक परीक्षण**

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाउँ शिक्षा समितिले तोकेको रजिष्ट्रड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(३) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको शैक्षिक उपलब्धी , पारदर्शिता तथा जबाफदेहिताको अवस्था र आगामी कार्ययोजना सार्वजनिक तथा अनुमोदन गर्नुपर्नेछ ।

(४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदनअभिभावक समक्ष पेस गरी पृष्ठ पोषण लिनुपर्नेछ ।

**४२. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने** : गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सकिन्छ ।

**४३. शुल्क सम्बन्धी व्यवस्था :**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुन : सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(४) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाहरुलाई आधार लिइने छ ।

(६) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ । यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रुपैयाँसम्म जरिवाना गर्न सकिन्छ ।

**स्पष्टिकरण:** विद्यालयले नियमित पठनपाठन समयभन्दा अन्य समयमा लिइने अतिरिक्त कक्षा, आवासिय व्यवस्था समेतका लागि विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिबाट स्वीकृति लिई अत्यावश्यक शुल्क लिनको लागि यस दफाको व्यवस्थाले बाधा पर्ने छैन ।

**४४. विद्यालयलाई छुट र सुविधा**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठिको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुतर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपला सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

**४५. गाउँपालिकाले निर्देशन दिन सक्ने :**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**४६. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन** :

(१) कसैले पनि यस ऐन बमोजिम गाउँपालिकाको अनुमति नलिई शैक्षिक परार्श सेवा,ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्तो शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम , शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

**४७. प्रगति विवरण बुझाउनु पर्ने** : संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

**४८. शिक्षक वा कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउने :** विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय सञ्चालन गर्न, लगानी गर्न वा व्यवस्थापन सम्बन्धि कुनै कार्य गर्न पाउने छैन ।

**४९. दण्ड सजाय :**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी बिगो बमोजिम जरिवाना गर्न सकिन्छ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछ :-

(क) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

(ख) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको पूर्व स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा ,

(ग) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा ,

(घ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

(ङ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम , शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(च) कानून विपरीतको अन्य कार्य गरेमा ।

(३) विद्यालयको शिक्षक वा कर्मचारी उपर अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम सजाय गरिनेछ ।

**५०. पुनरावेदन :** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

**५१. नियम बनाउने अधिकार :** यस एनेको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

**५२. संक्रमणकालिन व्यवस्था :**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले व्यवस्थित गर्न सकिन्छ ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरवन्दीमा विज्ञापनको अनुमति गाउँ कार्यपालिकाले दिनेछ ।

**५३. बाधा अडकाउ फुकाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ । तर यस्तो आदेश गाउँ सभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

**५४. बचाउ र लागू नहुने :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

**५५. विद्यालयको वर्गिकरण :** विद्यालयहरुलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

**५६. निःशुल्क शिक्षा तथा शुल्क सम्बन्धी व्यवस्था :**

(१) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) कुनै संघसस्था वा अभिभावकले आफ्नो स्वेच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिने छ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क प्रदान गर्नको लागी आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

(४) दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सांकेतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना शुल्क लिईसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण तथा मर्मत गर्नका लागी कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले लिन पाउने तोकिए बमोजिमको शुल्क गाउँपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नुपर्नेछ । यसरी शुल्क निर्धारणको स्वीकृत दिदा विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिइने छ ।

(८) संस्थागत विद्यालयले लिन पाउने शुल्क तथा शुल्क निर्धारणका आधारहरु लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) कुनै विद्यालयले यस ऐन तथा अन्तर्गत बनेका नियमावली निर्देशिका कार्यविधि वा मापदण्ड विपरित कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्छ ।

(१०) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले पचास हजार रुपैंया सम्म जरिवाना गर्न सक्नेछ।

**५७. विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति सम्बन्धी व्यवस्थाः**

(१) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

(२) संस्थागत विद्यालयले प्रचलित ऐन कानुन अनुसार छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (३) बमोजिमको छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समितिमा अभिभावकबाट छनौट भएको सदस्यको संयोजकत्वमा गाउँपालिकाको विद्यालय निरीक्षक, सम्बन्धित वार्डको अध्यक्ष, विद्यालयको प्रधानाध्यापक रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ र अन्य विश्वविद्यालय अध्ययन गर्न गाउँपालिकाबाट दिइने छात्रवृत्तिको लागि गाउँपालिका शिक्षा समिति बाट छनौट गरिनेछ ।

(४) उपदफा (२) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्ने आधार प्रक्रिया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ५८. बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा पठाउनु पर्ने :

(१) सबै अभिभावकले पाँच बर्ष पूराभएका बालबालिकालाई आधारभूत शिक्षाका लागि अनिवार्य रुपमा विद्यालय पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बालबालिकालाई विद्यालयमा पठाए नपठाएको सम्बन्धमा गाउँ शिक्षा समिति, सम्बन्धित वडाको वडा अध्यक्ष, विद्यालय निरीक्षक, स्रोतव्यक्ति तथा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ र त्यस्तो पाइएमा स्थानीयसरकारमा जानकारी गराइ आवश्यक कारवाही गरिनेछ ।

(३) कुनै अभिभावकले उपनियम (१) बमोजिम बालबालिकालाई विद्यालयमा पठाएको नदेखिएमा त्यस्तो अभिभावकलाई सम्झाई बुझाई, विशेष सहयोग तथा विद्यालय प्रति प्रेरित गरी त्यस्ता बालबलिकालाई विद्यालयमा पठाउन लगाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सम्झाइ बुझाई गर्दा समेत बालबालिकालाई विद्यालय नपठाउने अभिभावकलाई गाउँपालिकाबाट उपलब्ध गराउने सेवा सुविधाबाट वञ्चित गर्न सकिने छ ।

(५) यस नियम बमोजिम विद्यालयमा भर्ना भएका विद्यार्थीलाई विद्यालयले निःशुल्क अध्ययन गराउनु पर्नेछ ।

(६) विद्यालय जाने उमेर समूहका बालबालिकालाई अनिवार्य रुपमा विद्यालय भर्ना अभियान तथा कार्यक्रम तर्जुमा गरी लागू गर्ने दायित्व शिक्षा समितिको हुनेछ ।

## ५९. विद्यालय खोल्न, कक्षा थप गर्न, नाम परिवर्तन गर्न, सार्न, गाभ्न, समायोजन गर्न, कक्षा वा तह घटाउन वा बन्द गर्न सक्ने :

(१) गाउँपालिकाले गाउँ शिक्षा समितिको राय लिई कुनै ठाउँमा विद्यालय खोल्न, कक्षा थप गरी सञ्चालन गर्ने अनुमती दिन, विद्यालयको नाम परिवर्तन गर्न, सञ्चालन भईरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, दुई वा सो भन्दा बढी विद्यालय गाभी एउटा विद्यालय कायम गर्न एउटा विद्यालयलाई अर्को विद्यालयमा समायोजन गर्न कुनै विद्यालयको तह वा कक्षा घटाउन वा बन्द गर्न सक्नेछ ।

(२) विद्यालय खोल्ने कक्षा थप गर्ने नाम परिर्वतन गर्ने, सार्ने, गाभ्ने, समायोजन गर्ने, कक्षा वा तह घटाउने वा वन्द गर्ने सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ६०. साझेदारीमा विद्यालय सञ्चालन गर्न सक्ने :

(१) गाउँपालिकाले सामुदायिक विद्यालय र सार्वजनिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरुविच साक्षेदारीमा विद्यालय सञ्चालन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका विद्यालयको व्यवस्थापन समिति गठन काम कर्तव्य र अधिकार साझेदारीका तरिका तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ६१. सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्ने :

(१) गाउँपालिकाले समुदायमा साक्षरता सीप विकास, निरन्तर सिकाई र पुस्तकालय व्यवस्थापन समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(२) सामुदायिक सिकाई केन्द्र एक वडामा एउटा भन्दा बढी हुने छैन ।

(३) सामुदायिक सिकाई केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६२. निर्देशन दिन सक्ने :**

(१) कार्यपालिकाले आवश्यकता अनुसार गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देनशन दिन सक्नेछ ।

(२) उपदफा १ बमोजिम दिईएको निर्देशनको पालना गर्नु गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**६३. अनुमति वा स्वीकृति रद्द गर्ने :** कुनै विद्यालयले यो ऐन, यस अन्तर्गत बनेका नियामावली, निर्देशिका, कार्यविधि, मापदण्ड वा गाउँपालिकाले दिएको निर्देशन विपरीत काम गरेमा त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति गाउँपालिकाले रद्द गर्नेछ ।

**६४. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्ने :**

(१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा सिकाई सहजीकरण गर्ने बातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवान्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालयलाई सुरक्षित क्षेत्र कायम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६५. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुनेः**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाइने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाईने छैन ।

**६६. ट्युसन, कोचिङ, जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा सञ्चालन सम्बन्धी व्यवस्था**

(१) ट्युसन, कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोष, शिक्षा सेवा आयोग तयारी कोष वा लोक सेवा आयोग कोष, पुर्व तयारी कक्षा लगायतका परामर्श सेवा सञ्चालन गर्न गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) ट्युसन, कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोष, पूर्व तयारी कक्षा लगायतका परामर्श सेवा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६७. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न यस ऐनको अधिनमा रही गाउँकार्यपालिकाले देहायका विषयका अतिरिक्त आवश्यक अन्य विषयमा नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

क) विधार्थीलाई लाग्ने शुल्क र निर्धारणका आधारहरु

ख) विद्यालयको छात्रवृत्ति
ग) विद्यालयलाई दिईने अनुदान
घ) विद्यालयको परीक्षा
ङ) विद्यार्थी सिकाई उपलब्धिको परीक्षण तथा मूल्याङ्कन
च) विद्यार्थी शिक्षक अनुपात तथा दरबन्दी मिलान
छ) विद्यालय समायोजन
ज) प्रति विद्यार्थी लागतका आधारमा शिक्षक सहयोग
झ) माध्यमिक तहको कक्षा एघार र बाह्रमा शिक्षक व्यवस्थापन
ञ) प्रारम्भिक बाल शिक्षा केन्द्र व्यवस्थापन
ट) विद्यालयको सह तथा अतिरिक्त क्रियाकलाप र कार्यक्रम
ठ) विद्यालयको सम्पत्तिको सुरक्षा कर
ड) विद्यालयको नामाकरण
ढ) विद्यालयको छात्रवास चलाउने
ण) विद्यालयको पाठ्यक्रम पाठ्यपुस्तक र सन्दर्भ सामग्री
त) विशेष तथा समावेशी शिक्षा
द) दूर तथा खुला शिक्षा
ध) गाउँ शिक्षा कोष
न) विद्यालयको कोष
प) विद्यालयको पुस्तकालय र बाचनालय
फ) ट्युसन, कोचिङ, शैक्षिक परामर्श भाषा शिक्षण जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा
ब) शिक्षक तथा विद्यार्थीको आचारसंहिता
भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा
म) शिक्षक तथा विद्यालय व्यवस्थापन तालिम
य) प्रधानाध्यापक नियुक्तिको लागि आवश्यक योग्यता काम कर्तव्य अधिकार र सुविधा
र) आन्तरीक शिक्षक दरवन्दी तथा शिक्षक व्यवस्थापन
ल) विद्यालयको लेखा परीक्षण
व) शिक्षक तालिम /प्रशिक्षण
स) स्थानीय पुस्तकालय वाचनलाय
ष) प्रविधि विकास
श) साहित्य कला र सँस्कृति सम्बन्धमा
ह) विद्यालयको झण्डा चिन्ह र प्रार्थना

**६८. बाधा अड्काउ हटाउने अधिकार यस ऐनको कार्यन्वयनमा बाधा अड्काउ परेमा कार्यपालिकाले आवश्यक आदेश जारी गर्नेछ ।**

**६९. बचाउ र लागू नहुने :**

(१) यस ऐन अन्तर्गत बनेका नियममा लेखिएका कुराहरु यसै बमोजिम र यसमा नलेखिएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) अन्य स्थानीय सरकार संचालन ऐनले दिएका अधिकारहरु शिक्षा कार्याविधि निर्माण गरी कार्यन्वयन गर्न सकिनेछ।

(३) यस ऐन वा अन्तर्गत उल्लेखित कुनै विषय संघीय शिक्षा ऐन वा प्रदेश शिक्षा ऐनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

म्याग्दे गाउँपालिका